रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रंगेली अस्पताल
रंगेली, मोरङ्ग ।

# Biochemistry Reagents (BA200) र Hematology Analyzer Reagents (Sysmex Model XN 550) खरिदको लागि शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

(सूचना प्रकाशित मिति : २०८१/०५/१६)

यस रंगेली अस्पतालमा रहेको Biochemistry र Hematology डिपार्टमेन्टमा रहेका मेसिनहरुमा आर्थिक वर्ष २०८१/०८२ मा प्रयोग हुने रिएजेन्टहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले आधिकारिक ईजाजत प्राप्त सप्लायर्सहरुले उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताको प्रमाण पत्र सहित दरभाउ पत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।यस सम्बन्धि विस्तृत विवरण रंगेली नगरपालिकाको वेवसाइट www.rangelimun.gov.np. मा हेर्न सकिनेछ वा रंगेली अस्पतालबाट प्राप्त गर्न सकिनेछ।

तपशिल

| सि.नं. | सामानको विवरण | ल.ई. रकम (मू अ कर बाहेक) | धरौटी रकम | फारम दस्तुर | प्रकार |
|---|---|---|---|---|---|
| १ | Fully Automated Biochemistry Analyzer (Ba200) | ४२,४९,२३३।९० | ८५,०००।- | १,०००।- | दरभाउ पत्र |
| २ | Hematology Analyzer Reagents (Sysmex Model XN 550) | ३६,७५,७९८।- | ७५,०००।- | १,०००।- | दरभाउ पत्र |

मेडिकल सुपरिटेण्डेन्ट
रंगेली अस्पताल

CamScanner

रंगेली नगरपालिका
रंगेली नगरकार्यपालिकाको कार्यालय
रंगेली अस्पताल
रंगेली, मोरङ

## Hematology Analyzer Reagents (Sysmex Model XN 550) खरिदको लागि शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०५/१६)

रंगेली अस्पतालमा रहेको Hematology डिपार्टमेन्टमा रहेका मेसिनहरुमा प्रयोग हुने रिएजेन्टहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले आधिकारिक ईजाजत प्राप्त सप्लायर्सले उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताको प्रमाणपत्र (Authorozation Letter), आफ्नो फर्म दर्ता प्रमाण पत्र, नवीकरण गरिएको व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा (प्यान) दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, हालसम्मको कर चुक्ता प्रमाणपत्र लगायत कागजातहरुको प्रतिलिपी संलग्न गरी निम्न शर्तको अधिनमा रही यो सुचना प्रकाशित भएको मितिले तपसिल बमोजिम १५ औं दिन सम्म दरभाउपत्र फारम खरीद गरी १६ औं दिनको १२.०० बजेभित्र रंगेली अस्पतालको प्रशासन शाखामा प्रस्ताव दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ। दर्ता भएको प्रस्तावहरु सोही दिन अपरान्ह १.००. बजे पछि खोलिने छ।

तपसिल

| सि.नं. | सामानको विवरण | ल.ई. रकम (मू अ कर बाहेक) | धरौटी रकम | दरभाउपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|---|
| १. | Hematology Analyzer Reagents (Sysmex Model XN 550) | ३६,७५,७९८।- | ७५,०००। | १,०००। | |

### शर्तहरू

१. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा बिक्री गर्ने र दर्ता गर्ने कार्य गरिनेछ ।

२. दरभाउपत्र दाताले फारम दस्तुर अस्पतालको बिलिङ्ग काउण्टरमा जम्मा गरी सोको भौचर संलग्न गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

३. दरभाउपत्र दाताले धरौटी वापतको रकम रंगेली नगरपालिकाको नाममा रहेको कृषि विकास बैंकमा रहेको धरौटी खाता नं. ०६०१४०११५०२५७०७९ मा जम्मा गरेको भौचरको वा दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन देखी १२० दिन मान्य अवधि भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी संलग्न गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

४. मु.अ.कर, छुट हुने र मु.अ.कर छुट नहुने रिएजेन्टहरुको मुल्य सोही अनुसार भर्नुपर्नेछ।

५. दरभाउपत्र दाताहरु मध्ये सबैभन्दा घटी शुल्क प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गरिने छ ।

६. दरभाउपत्र फारम पेश गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिइएकोलाई मान्यता दिइनेछ। साथै केरमेट भएको ठाउँमा सही छाप हुनु पर्नेछ।

७. दर्ता भएका दरभाउपत्रहरु नियमानुसार कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

८. स्वीकृत दरभाउपत्र अनुसारको रिएजेन्टहरु एकमुष्ट वा अस्पतालको आवश्यकता अनुसार खरिद गरिनेछ ।

९. दरभाउपत्र साथ आपूर्ति गर्ने रिएजेन्टको कम्पनी सम्बन्धित निकायमा रजिष्टर भएको प्रमाण पेश गरेको हुनु पर्नेछ साथै ISO/ GMP/ Certified Company बाट उत्पादित रिएजेन्ट मात्र सप्लाइ गर्नु पर्नेछ।

१०. रिएजेन्टहरुको आपुर्ति मिति २०८२ असार मसान्त सम्म गर्नुपर्ने छ र सो रिएजेन्टहरुको म्याद आपुर्तिको मितिदेखि कम्तीमा १२ महिना बांकी रहेको हुनुपर्नेछ।

११. अन्य बिषय सार्वजनिक खरिद ऐन, २०६३ र नियमाली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

१२. कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ।

१३. थप अन्य जानकारीको लागि रंगेली अस्पतालको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

मेडिकल सुपरिटेण्डेन्ट
रंगेली अस्पताल

रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रंगेली

CamScanner